परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक




❑ वर्ष ११ ❑ अंक १८ २०७९ मंसिर ११ गते आईतवार Sunday 4, DEC 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## सामाजिक सद्भावका लागि हुदुरधुरा जात्रा




सामाजिक सद्भावको लागि राजवंशी समुदायले मनाउने हुदुरधुरा जात्रामा जानका लागि आफ्नै जातिय भेषभूषमा तयार भएकी स्थानीय दुई बालिका । तस्वीर : संजय राजवंशी

विराटनगर । सामाजिक सद्भावको लागि राजवंशी समुदायले विहीवार हुदुरधुरा जात्रा मनाएका छन ।

राजवंशी समुदायको संस्कृति संरक्षण तथा विकास केन्द्र कटहरीद्वारा '१५ औं हुदुरधुरा जात्रा सामाजिक सदभाव यात्रा नाराका साथ सामाजिक सद्भाव यात्रा' र्‍याली निकालिएको थियो ।

राजवंशी संस्कृती संरक्षण समिति कटहरीको संम्पक कार्यालयको प्रागणवाट निकालिएको हुदुरधुरा जात्रा कटहरी बजार परिक्रमा गरीएको थियो ।

हुदुरधुरा जात्रा सामाजिक सदभावको यात्रा कार्यक्रमका प्रमुख अतिथी कटहरी गाउँपालिका का अध्यक्ष देवराज चौधरीले भने कटहरी गाउँपालिका भित्र बसोवास गरेको सबै जाति समुदायको भाषा, धर्म, संस्कृतिको विकास र सम्वर्द्धनको लागि आफू लागिनै रहेकोले मेरो कार्यकालमा कटहरी गाउँपालिका क्षेत्रमा बसोवास गरेका जातजाति हरुको विकास र सम्वर्द्धनको लागि कुनै कसर नछाड्ने बताए ।

झापा मोरङ र सुनसरी क्षेत्रमा रहेको भौगोलिक सम्पदाहरुलाई संरक्षण तथा विकासको वाटोमा डोर्‍याउदै सुन्दर सफा र हाराभारा बनाइ पर्यटन भित्र्याउने मुख्य उदेश्य लिएर अगाडी बड्नु पर्ने पुर्व केन्द्रिय गृह राज्य मन्त्री भीमराज राजवंशीले वताए ।

उक्त जात्रामा झापा, मोरंग र सुनसरीका राजवंशी समुदायका अगुवाहरु लगायत अन्य विभिन्न समुदायका बुद्धीजीवीहरुको सहभागीता रहेको राजवंशी संस्कृती संरक्षण तथा विकास केन्द्र मोरंग जिल्ला सदस्य संजय राजवंशीले जानकारी गराएका थिए ।

## आधा दर्जन भन्दा बढी सडकहरूको स्तरोन्नती शुरू

विराटनगर । विराटनगर महानगरपालिका वडा नं. ८ का आधा दर्जन बढी सडकको स्तरोन्नती शुरु गरिएका छन ।

केही सडक स्तरोन्नतीको काम शुरू भएको र केहीका लागि टेन्डरको प्रकृयामा रहेको वडाध्यक्ष राम पोखरेलले जानकारी गराउनु भयो ।

अध्यक्ष पोखरेलका अनुसार ८ वटा सडकको स्तरोन्नती चालु आर्थिक वर्ष भित्रमा सम्पन्न हुने छ । वडा नं. ८ को जय नेपाल मार्गको नाला र कालोपत्रे, छायाँ मार्ग कालोपत्रे, बाल गोपाल मार्ग नाला र ग्राभेल, देवकोटा चौक देखि सिंघिया खोला सम्मको नाला निर्माण, शंकर मार्ग नाला निर्माण, मधुवन मार्ग नाला निर्माण र राधाकृष्ण मन्दिर जाने सडकमा नाला निर्माणको प्रकृया शुरु भएको छ ।

सडकको स्तरोन्नतीसँगै सडक अतिक्रमण गरि बनाईएका संरचनाहरु पनि हटाउन शुरु गरिएको छ । 'सडक मापदण्ड भित्र बनेका संरचना हटाउनु पूर्व सूचना दिएर हटाउन शुरु गरिउको छ ।'

वडाक्षेत्र भित्रका सडकसँगै निर्माण भईरहेका भवनहरुलाई पनि चालु आर्थिक वर्षमा सम्पन्न गर्नेगरी काम भईरहेको छ।

भवनहरूमा वडा कार्यालयको भवन, शुशिल कोइराला फाउण्डेसनको भवन, बलुवाई सामुदायिक भवन र जेष्ठ

## राष्ट्रि बैकले जारी गरेको मौद्रिक नीति संशोधन गर्न माग

विराटनगर । मोरंग व्यापार संघ, उद्योग संगठन मोरंग र नेपाल उद्योग परिसंघ प्रदेश नं. १ ले संयुक्त रुपमो देशमा देखिएको अर्थतन्त्रको संकट हल गर्न राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीति संशोधन गर्न माग गरेका छन् ।

व्यापार संघ मोरंगको हलमा पत्रकार सम्मेलन गर्दै उनीहरूले विभिन्न ६ बुँदे माग गरेका छन् । आफूहरूको मागलाई सर्व प्रथम वार्ताको माध्यमबाट समाधान गर्न प्रयास गर्ने यदि वार्तावाट समस्या समाधान नभए संघर्षमा उत्रिने भएका छन् ।

मोरङ व्यापार संघका अध्यक्ष नवीन रिजालले भूपरिवेष्टित र आयातमुखी मुलुकलाई वस्तु आयात गर्न ३ महिना र उत्पादन/विक्री वितरण एवं भुक्तानी रकम प्राप्त गर्न ३ महिनासम्म लाग्ने गरेकाले वर्षमा २ पटक मात्र रोटेसन गर्न सकिने हुँदा वार्षिक कारोबारको २५ प्रतिशत मात्र कर्जा लिन पाउने नियम अव्यवहारिक रहेको भन्दै कारोवारको दायरा बढाएर ४० प्रतिशत भन्दा माथि पुर्‍याउन माग गरेका छन् ।

सिआरआरमा यसै वर्षदेखि भएको १ प्रतिशत वृद्धि मात्रले पनि बैंक तथा वित्तीय संस्थाहरूको ५१ अर्ब लगानी योग्य रकम निर्ब्याजी रूपमा केन्द्रीय बैङ्कमा थन्किएकाले तत्काल यसलाई साबिककै ३ प्रतिशतको सिमामा घटाई यो रकम प्रणालीमा फर्काई लगानी योग्य पुँजी वृद्धि गर्ने र आधार

वांकी अन्तिम पेजमा...

## सामाजिक सञ्जालको माध्यमवाट ठगी गर्ने पक्राउ

विराटनगर । सामाजिक सञ्जालको माध्यमबाट कम्बोडियामा सेक्यूरिटि गार्डको काम लगाइदिने भन्दै ठगी गर्ने दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१० पाथेकाका २७ वर्षीय रामकृष्ण आचार्यलाई प्रहरीले पक्राउ गरेको छ ।

आचार्य कम्बोडियाको एक होटेलमा सेक्यूरिटि गार्डको काम गरिरहेको बताउँदै आकर्षक तलव सुविधा सहितको सेक्यूरिटि गार्डमा काम मिलाइदिने नाममा विभिन्न व्यक्तिबाट २३ लाख ९७ हजार ठगी गरेको जाहेरी दरखास्तको आधारमा आचार्य लाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवन, काठमाडौंले पक्राउ गरेको थियो ।

उनले फेसबुक र ह्वाट्स् एपको माध्यमबाट विभिन्न व्यक्तिलाई सम्पर्क गरी विश्वासमा लिएर 'प्रोसेसिङ'का

वांकी अन्तिम पेजमा...






क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## राष्ट्रिय बैंकले...

दर, ब्याजदर न्यून गर्ने नीति अवलम्बन गर्नुपर्नेमा मोरङ व्यापार संघका पूर्व अध्यक्ष प्रकाश मुन्दडाले जोड दिएका थिए ।

उद्योग संगठन मोरङका उपाध्यक्ष प्रदीप मुरारकाले सिडी रेसियोको सट्टा सिसिडि रेसियोलाई आगामी ३ वर्ष सम्म ९० प्रतिशत कायम गरी तरलता अभावको समस्यालाई दीर्घकालीन रूपमा सुधार गर्न आग्रह गरका थिए ।

उद्योगीहरूले समग्र बैंक वित्तीय संस्थाहरूको सञ्चालन तथा कर्मचारी खर्च निजहरूको टर्नओभरको आधारमा हुने गरी सीमा निर्धारण गरी अनावश्यक खर्च न्यूनीकरण र बेसरेट घटाउने वातावरण सृजना गर्नुपर्ने पनि माग गरेका छन् । यस्तै विगतमा प्रतितपत्र जारी गर्ने बैंक स्वयम्ले नै प्रतितपत्र डिस्काउन्टीङ्ग गर्ने व्यवस्था भएकोमा हाल सो व्यवस्था बन्द गरिएको र महँगो दरमा डलर टिआर लिनुपर्ने व्यवस्थाका कारण आयातमा लागत बढ्न गएको भन्दै उद्योगीले साबिक भैँ एलसि डिस्काउन्टीङ्गको व्यवस्थालाई निरन्तरता दिन अनुरोध गरेका छन् ।

विगतका केहि प्रतिकूल परिवेश र नीतिहरूका कारण मुलुकमा आर्थिक समस्याहरू उत्पन्न हुन गई अर्थतन्त्र संकुचित हुन गएको छ । तरलता अभावले सृजित लगानी योग्य पूँजीको अभाव, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रभावले लागत खर्चमा भएको वृद्धि, मागमा भएको ह्रास, उधारो असुलीमा भई रहेको कठिनाई आदि विभिन्न कारणले मुलुकको उत्पादकत्व तथा आर्थिक अवस्था, रोजगारी सहित समस्त आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव परेको छ । यस जटिल आर्थिक अवस्थाको सुधार एवं सामान्यिकरणका लागि नेपाल सरकार र अर्थ व्यवस्थापकीय निकायहरूलाई तत्काले समसामयिक उचित नीति/व्यवस्थाहरु अवलम्बन गर्न हामीले बारम्बार आवाज उठाउँदै आएको प्रेसविज्ञप्तीमा उल्लेख छ ।

उद्योगी व्यवसायीहरुको माग

१. यस सन्दर्भमा विद्यमान बैंकिङ एवं वित्तीय अवस्थाको सुधारका लागि नेपाल राष्ट्र बैंकले हालै मौद्रिक नीतिको समिक्षा गर्दै वाणिज्य बैंकहरुको ४.४ प्रतिशतको स्पेडवरलाई ४ प्रतिशत कायम गर्ने निर्णय गरेकोमा त्यसले हालको चर्को बैंक व्याजदरमा केहि राहत तुल्याउने भएकाले सो निर्णयको हामी स्वागत गर्दछौं। यदपी, सो खेडदरलाई ३.५ प्रतिशत कायम गरिए त्यसले दीर्घकालिन रुपमा सकारात्मक प्रभाव पर्ने हुँदा सो निर्णयमा थप लचकता अपनाउदै ३.५ प्रतिशतको स्प्रेडदर कायम गर्न नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्दछौं ।

२. त्यस्तै, नेपाल राष्ट्र बैंकले चालू पूँजी कर्जा सम्बन्धी मार्गदर्शनलाई हालै कार्यान्वयनमा ल्याएकोमा विद्यमान आर्थिक जटिलतालाई दृष्टिगत गर्दै आगामी ३ वर्ष सम्मका लागि सो व्यवस्था स्थगित गर्न अनुरोध गर्दछौं । साथै, भुपरिवेष्ठित र आयातमुखी हाम्रो मुलुकलाई वस्तु आयात गर्न ३ महिना र उत्पादन/विक्री वितरण एवं भुक्तानी रकम प्राप्त गर्न ३ महिनासम्म लाग्ने गरेकाले वर्षमा २ पटक मात्र रुटीन गर्न सकिने हुँदा वार्षिक कारोवार (वार्षिक टर्नओभर) को २५ प्रतिशत मात्र कर्जा लिन पाउने नियम अव्यवहारिक देखिएकोले त्यो दायरा समेत बढाउन आग्रह गर्दछौं ।

३. यसका साथै सीडी रेसियोको सट्टा सीसीडी रेसियोलाई आगामी ३ वर्ष सम्म ९० प्रतिशत कायम गरी तरलता अभावको समस्यालाई दीर्घकालिन रूपमा सुधार गर्न अनुरोध गर्दछौं

४. त्यस्तै, सीआरआरमा यसै वर्षदेखि भएको १ प्रतिशत वृद्धि मात्रले पनि बैंक तथा वित्तीय संस्थाहरूको ५१ अर्ब लगानी योग्य रकम निर्व्याजी रूपमा केन्द्रीय बैंकमा थन्किएकाले तत्काल यसलाई साविककै ३ प्रतिशतको सिमामा घटाई यो रकम प्रणालीमा फर्काई लगानी योग्य पुँजी वृद्धि गर्ने र आचारदर, व्याजदर न्यून गर्ने नीति अवलम्बन गर्न अनुरोध गर्दछौं ।

५. त्यस्तै, समग्र बैंक वित्तीय संस्थाहरूको सञ्चालन तथा कर्मचारी खर्च निजहरूको टर्नओभरको आधारमा हुने गरी सिमा निर्धारण गरी अनावश्यक खर्च न्यूनकरण र बेसरेट घटाउने वातावरण श्रृजना गर्न अनुरोध गर्दछौं ।

६. त्यस्तै, विगतमा प्रतितपत्र जारी गर्ने बैंक स्वयम्ले ने प्रतितपत्र डिस्काउन्टीङ्ग गर्ने व्यवस्था भएकोमा हाल सो व्यवस्था बन्द गरिएको र महंगो दरमा डलर टिआर लिनुपर्ने व्यवस्थाका कारण आयातमा लागत बढ्न गएकाले साविक में एल सि डिस्काउन्टीङ्गको व्यवस्थालाई निरन्तरता दिन अनुरोध गर्दछौं ।

## आधा...

नागरिक पार्कको निर्माण कार्य चालु आर्थिक वर्ष भित्रमा सकिने अध्यक्ष पोखरेलको भनाई छ ।

लामो समयदेखि अलपत्र अवस्था रहेको पशुवधशालाको निर्माण कार्यलाई पनि चालु आर्थिक वर्ष भित्रमा गति दिइ बधशाला निर्माणका लागि टेण्डर आह्वान गर्ने तयारी समेत भई सकेको छ ।

## सामाजिक...

लागि भन्दै विभिन्न व्यक्तिको नाममा सञ्चालित बैंक खातामा रकम जम्मा गर्न लगाएको खुलेको प्रहरीले जनाएको छ ।

आरोपितलाई काठ्माडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जिल्ला प्रहरी कार्यालयसँगको समन्वयमा पक्राउ गरी उनलाई ठगी सम्वन्धी कसूरमा आवश्यक अनुसन्धान एवंम कारबाहीको लागि जिल्ला प्रहरी परिषर टेकु, काठ्माडौंमा पठाइएको छ ।

## प्रतिवादी पक्राउ

बिराटनगर, मंसिर ११ गते । १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरको रिट समुहबाट खटिएको प्रहरी टोलीले ४ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरेको छ ।

सम्मानित सुनसरी जिल्ला अदालतको २०७९ अषाढ १७ गतेको फैसला आदेशले हात-हतियार खरखजना मुद्धामा ५ महिना ६ दिन कैद र ५ हजार रुपैँया जरिवाना तोकिएका धरान उप-महानगरपालिका ६ का ३२ बर्षिय मनि तामाङ्, २९ बर्षिय सिद्धार्थ राई, ४२ बर्षिय राम बहादुर योन्जन र ३४ बर्षिय शम्भु दाहाललाई खोजतलास गर्न क्रममा गाउघरमा नै लुकिछिपी बसेको अबस्थामा आजै पक्राउ गरेको हो ।

पक्राउ परेका चारै जनालाई सम्मानित सुनसरी जिल्ला अदालतमा उपस्थित गराई तोकिएको कैद भुक्तानको लागि सुनसरीको झुम्का कारागार पठाईएको छ ।





## हार्दिक बधाई तथा शुभकामना



नेपाल पत्रकार महासंघ मोरङ शाखाको २०७९ मंसिर १६ गते भएको साधारणसभाको अवसरमा प्रतिभा पत्रकारिता पुरस्कारबाट पत्रकार किशन शाही र अग्रज पत्रकार दिदी ललिता भट्टराई सम्मानित हुनुभएकोमा दुवैलाई हार्दिक बधाई तथा शुभकामना ।

क्राईम अपरेशन साप्ताहिक

## लैङ्गिक हिंसा र दुर्व्यवहार छैन हामीलाई स्वीकार

*आउनुहोस हामी सबै महिला माथी हुने हिंसा विरुद्धको अभियानमा सहभागी बनौं ।*

*घरघरबाट शुरु गरौं, महिला हिंसा अन्त्य गरौं ।*

*२०७८ साल मंसिर ८ गतेदेखि २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं ।*

नेपाल सरकार, विज्ञापन बोर्ड





परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### महिला हिंसा रोक्न जिम्मेवार बनौं

*महिला हिंसा रोक्न वर्ष भरीमा एक पटक १६ दिने अभियान चलाएर मात्र महिला हिंसा रोकिन्छ भन्ने सोच दिवा सपना नै हुन्छ । महिला हिंसा  रोक्नु छ भने यो अभियान, सचेतना वर्षै भरी संचालन हुनुपर्छ । त्यसमा पनि महिला हिन्सा रोक्न स्वयम जिम्मेवार हुन जरुरी छ । महिला भएकै करण हिंसा र विभेदमा पर्नु अन्यान हो । तर महिला भएकै कारण हरेक ठाउँमा महिलाहरु हिंन्साको सिकार भई रहेन्छ । विभिन्न तथ्यांकहरुले के देखाउँछ भने प्रत्येक चार मध्ये एक महिलाले हिंसाको सिकार भोगि रहेको हुन्छ । अहिलेको विभिन्न अध्ययनहरुवाट के देखिन्छ भने घर भित्र, आफ्नै नातागोताका मानिसहरुवाट बढी महिलाहरुले हिंसा भोगि रहेका पाईन्छ । त्यसलाई रोक्न स्वय जिम्मेवार भएमा मात्र लैङ्गिक हिंसा रोकिन्छ ।*

*अन्य देशको तुलनामा नेपालमा महिला हिंसा चरम अवस्थामा पुगेको छ । बालिका, किशोरी र महिलामात्रै होइन, लैंगिक अल्पसंख्यहरू पनि हिंसामा पर्ने गरेका छन् ।  हिंसाका पनि अनेक रुप हुन्छ । मानसिक हिंसा, आर्थिक हिंसा, शाररिक हिंसा लगायतको हिंसावाट महिलाहरु पिडित भई रहेका हुन्छन । केही पिडित महिलाहरु हिंसाको पिडावाट दिक्दार भर्य प्रहरी प्रशासनमा उजुरी दिने गरेको छन् तर उजुरी दिएका निकायले पनि पिडित महिलाहरुलाई अझ पिडा हुने गरी प्रश्न उत्तर गरी दिएर पिडामाथि पिडाको डरले कतिपैय महिला हिंसाको घटना बाहिर नआई घरमै हिंसा सहेर महिलाहरु बस्न वाध्य भएका छन् ।*

*नोभेम्बर महिनाको २५ देखि डिसेम्बर १० अर्थात् ९ मंसिरदेखि २२ गतेसम्म महिला हिंसाविरुद्धको अभियान संचालन हुने गरको छन् । सो अवधिमा सामाजिक संघ संस्था, सरोकारवाला तथा महिला अधिकारकर्मीहरुसँगको समन्वयमा जनचेतनामुलक कार्यक्रम, अभिमुखीकरण, समीक्षा, अर्न्तक्रिया र उपलब्धि सम्बन्धि समिक्षा समेत गर्ने गरिने गर्दछन् । के १६ दिन जुरमुराएर महिला हिंसा रोकिन्छ त ? कदापी रोकिदैन । लैंगिक हिंसा अन्त्यका लागि व्यक्ति–व्यक्तिबाट परिवर्तन सुरु गरी स्वयम जिम्मेवार बन्नु पर्दछ । आर्थिक र शैक्षिक हिसावबाटै कमजोर पारेर महिलालाई उँभो उठ्न नदिने संरचना नभत्काएसम्म हिंसा अन्त्यको गन्तव्य भेट्न मुस्किल हुन्छ । महिलामाथि समान व्यवहार नभएसम्म समाजमा न सुरक्षा हुन्छ, न उन्नति । त्यसले समृद्ध समाज निर्माणको लागि महिलामाथि हुने विभेदलाई हटाउ समाज विकासमा योगदान पुऱ्याउन जरुरी छ ।*

# सुकुम्बासीलाई जग्गा बाँड्नु समस्याको समाधान हो ?

सुमन बराल

नेपालमा सुकुम्बासी, भूमि हीनलगायत अनेकन् नाममा दशकौंदेखि खराब राजनीति हुँदै आएको छ। भ्रष्ट नेताहरूले धनीपुर्जा बाँड्ने आश्वासन दिंदै आफ्नो राजनीति गर्दै आएका छन्। सुकुम्बासीका नाममा राजनीति गरेका धेरै नेता आज आफैं जमिनदार बनेका छन्, तर सुकुम्बासी समस्या जस्ताको त्यस्तै छ। अनि प्रत्येक चुनाव अघि धनीपुर्जा नामक ललिपप बाँडिंदै आएको छ ।

मेरो बुझाइमा सुकुम्बासी वा कुनै पनि नाममा जग्गा बाँड्ने काम गलत हो। किनकि जग्गा सीमित हुन्छ तर जनसंख्या असीमित (निरन्तर बढ्ने कुरा हो) हुन्छ। तसर्थ, सबैलाई जग्गा बाँड्न आवश्यक र सम्भव दुवै हुँदैन ।

विभिन्न अनुसन्धानका अनुसार औसत अमेरिकी नागरिकले जति नै स्रोतसाधनको प्रयोग विश्वका सबै नागरिकले गर्ने हो भने हामीलाई चारवटा विश्व आवश्यक पर्छ। नेपालमा पनि सबै नागरिकलाई जग्गा बाँड्न पुग्ने भूमि पुग्दैन ।

नागरिकको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता संवैधानिक र मौलिक हकको रक्षा गर्नु सरकारको कर्तव्य हो, तर त्यसका निम्ति अनन्तकालसम्म जग्गा बाँड्न सम्भव हुँदैन। राणाकालदेखि नै जग्गा बाँड्दै आए पनि अहिलेसम्म समाधान हुन नसकेको भूमिको समस्याको दिगो समाधान भनेको नागरिकलाई आफैं गरिखान सक्ने वातावरण बनाउने हो ।

जग्गा बाँड्न भनेर अनेकन् आयोग र समिति बने, बनिरहेका छन्। तर सुकुम्बासी समस्या कहिल्यै पनि समाधान भएको छैन। किनकि जग्गा वा धन बाँडेर जनता कहिल्यै पनि धनी बन्न सक्दैनन्। रोजगारी वा व्यवसाय गरेपछि नागरिक आफैंले आफ्नो क्षमता अनुसार सम्पत्ति जोड्छन्। घरजग्गा किनेर बस्ने वा भाडामा बस्ने भन्ने कुरा नागरिक आफैंले निर्क्योल गर्ने विषय हो ।

विगतमा साम, दाम, दण्ड, भेद प्रयोग गरेर सोझा नागरिकले कमाइरहेको जग्गा हडपेका 'जमिनदारहरूलाई' हदबन्दी लगाउनुपर्छ। कृषि व्यवसाय नगर्ने तर पुर्खाले १००औं बिघा जग्गा हडपेका कारण धनाढ्य बनेका अनि जग्गा बेच्दै मोजमस्ती गर्ने नाति-नातिना पुस्तालाई उच्च करको दायरामा ल्याउनुपर्छ। हदबन्दी कति राख्ने भन्ने कुरा विज्ञहरूको सुझाव अनुसार गर्नुपर्छ अनि हदबन्दीभन्दा माथिको जग्गा सरकारले कृषिजन्य प्रयोजनको लागि प्रयोग गर्नुपर्छ ।

विगतमा धेरै देशमा जग्गामा हदबन्दी लगाएर बाँकी जग्गा कृषकलाई बाँड्ने काम भएका थिए। तथापि आजको युगमा विस्तारै कृषि पेशामा आश्रित हुने जनसंख्या घट्ने युग हो। मेसिन र आर्टिफिसियल इन्टेलिजेन्सका कारण अमेरिकामा करिब दुई प्रतिशत नागरिक मात्रै कृषि पेशामा आश्रित छन्। विकसित देशहरूमा मात्र नभई नेपालमा पनि कृषि पेशामा आश्रित दर घट्दो छ, घटाउनु पनि पर्छ ।

तसर्थ, कृषि पेशा गर्ने भूमिहीनलाई सरकारले जग्गाको धनीपुर्जा दिने नभई सरकारी जग्गा निश्चित समयको लागि उपयोग गर्न मिल्ने गरी सम्झौता गर्नुपर्छ। यसो गरियो भने भविष्यमा आवश्यकता अनुसार सरकारले जग्गा उपयोग गर्न सहज हुन्छ। अहिले बाटो वा कुनै ठूला आयोजना बनाउनु पर्दा जग्गा प्राप्ति गर्न असाध्यै समस्या हुने गरेको छ ।

हाम्रो देशमा विगतमा जग्गा पाएका तर बेचेर फेरि अर्को ठाउँमा गएर सुकुम्बासी बन्ने व्यापार चलाएको पनि धेरै घटना छन्। लाखौंको व्यवसाय भएका सुकुम्बासी पनि हाम्रै देशमा छन्। अनि उनीहरू पैसा खर्चिएर नै आफैं जग्गा धनी बन्न सक्छन् वा भाडामा बस्न सक्छन्। तर सुकुम्बासीको नाममा सित्तैंमा करोडौं मूल्य पर्ने जग्गा हडप्न पल्किएका छन्। काठमाडौंलगायत ठूला शहरमा छाप्रो हालेर बस्ने बित्तिकै धनीपुर्जा दाबी गर्न पाइने हो भने मानिसहरूले दुःख गरेर कमाउन नै छाड्ने छन् ।

भोलि टुँडिखेल र नारायणहिटी लगायतका क्षेत्रभित्र नै छाप्रो हाल्न थालियो भने के गर्ने? भएको सबै सम्पत्ति बेचेर ठूला शहरको खोला नजिक र जंगलमा छाप्रो हालेर बस्न थालियो भने के गर्ने ? तसर्थ, काठमाडौं जस्ता ठूला शहरमा आफ्नो नाममा जग्गा जोड्न मन हुने लाखौं नागरिकले पैसा खर्चिएर जग्गा किन्नुको साटो सार्वजनिक जग्गामा छाप्रो हालेर बस्ने स्थिति आउन दिनुहुँदैन ।

दशकौंदेखि सुकुम्बासी बस्तीमा बसोबास गर्ने, आफैं घर जग्गा किनेर बस्ती छोड्न नसक्नेका निम्ति सरकारले वैकल्पिक ठाउँमा व्यवस्थापन गर्नुपर्छ। तथापि सित्तैंमा भने कसैलाई पनि घर-जग्गा बाँडेर परनिर्भर बनाउनु हुँदैन। सरकारले एकैचोटि किन्ने गरी अथवा थोरै ब्याजदरमा केही वर्षको अवधिमा तिरिसक्ने गरी उनीहरूको नाममा घर-जग्गा उपलब्ध गराउनुपर्छ। बाँकीका निम्ति अपार्टमेन्टहरू किन्न वा भाडामा बस्न मिल्ने गरी मिलाउनुपर्छ ।

सुकुम्बासी बस्तीका वास्तविक सुकुम्बासी (आफैं अर्को घर किन्न नसक्ने वा भाडा तिरेर पनि बस्न नसक्ने अत्यन्त गरिब) लाई अर्को उचित स्थानमा व्यवस्थापन गरेपछि बाँकी नक्कली सुकुम्बासीलाई (आफैं घर किन्न सक्ने वा भाडामा बस्न सक्ने) आफैं छोड्ने निश्चित समय दिने लगायत विधि अपनाएर कानुन बमोजिम बस्ती हटाउनुपर्छ।खोला नाला हड्पेर शहर कुरूप बनाउने र बाढीको जोखिम बढाउने अवस्थाको अन्त्य गर्नुपर्छ ।

माथिल्लो निकायको बस्ती खाली गर्ने आदेश बमोजिम खटिएका प्रहरी विरुद्ध घरेलु हतियारसहित आक्रमण गर्ने काम अत्यन्त गलत हो। प्रहरी-सेनाले आफ्नो आत्मसुरक्षाका लागि गोली ठोके भने के हुन्छ ? काठमाडौंलाई बस्न योग्य बनाउन लागिपरेका मेयर बालेन साह विरुद्ध नभई वर्षौंदेखि गरिबको नाममा राजनीति गरेर विना स्रोत आफैं करोडपति बनेका भ्रष्ट नेताहरू विरुद्ध आवाज बुलन्द हुनुपर्छ। राज्यले पनि वास्तविक सुकुम्बासी पहिचान गरेर उपयुक्त विकल्प प्रस्तुत गर्न भुल्नुहुँदैन ।

अनलाईन खबरवाट

**सूचना सूचना सूचना**

*सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।*

**सडक डिभिजन कार्यालय**
**विराटनगर प्रदेश नं. १**

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको  अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

बाँकी ५ पेजमा

## सीएनआई एक्सपो प्रदर्शनिलाई भव्य बनाउन समझदारी

विराटनगर । नेपाल उद्योग परिसंघ प्रदेश नं. १ ले अगामी माघ १९ गते देखि २८ गते सम्म गर्न गई रहेको सीएनआई एक्सपो प्रदर्शनिलाई भव्य बनाउन परिसंघका अध्यक्ष भीम घिमिरेको नेतृत्वमा काठमाण्डौमा रहेको टोलीले विभिन्न चरणका छलफल गरी समझदारी समेत गरेका छन् ।

नेपाल उद्योग परिसंघ केन्द्रिय कार्य समितिमा आयोजित प्रथम चरणको समारोहमा परिसंघका बिशिष्ट पदाधिकारीहरु लगायत बिभिन्न उद्योगिहरु संग एक्सपोका सम्बन्धमा छलफल गरि प्रायोजक का साथै र स्वदेशी औद्योगिक उत्पादन हरुलाई बिशेष प्राथमिकतामा राखेर प्रदर्शनि भव्य बनाउने समझदारी बनेको छ र यसमा कृषि , उद्योग बाणीज्य र पर्यटन मंत्रालयको समेत सहभागिता गराउने सहमति गरिएको छ ।

त्यसैगरी घरेलु साना उद्योग, कृषि उद्योग हरुलाई नेपाल घरेलु तथा साना उद्योग महासंघको सहकार्यमा सहुलियत न्यनतम शुल्कमा सटर उपलब्ध गराउन सहमति भएको छ। नेपाल उद्योग परिसंघ केन्द्रिय सचिवालयमा नै काठमाण्डौ स्थित बिभिन्न मिडिया हाउस र पत्रकारहरु लाई एक्सपोका बिशेषताहरुका बारेमा जानकारी गराइएको थियो ।

एक्सपो सम्वन्धमा संयोजक राजेन्द्र कुमार राठी, सह संयोजक गिरिजा सारडा ले जानकारी गराउनु भएको थियो । उक्त विभिन्न चरणको छलफल र समझदारी कार्यक्रममा सीउनआई का केन्द्रीय अध्यक्ष बिष्णु कुमार अग्रवाल, बरिष्ठ उपाध्यक्ष कृष्ण प्रसाद अधिकारी संयोजक लक्ष्मी प्रसाद सुबेदी महानिर्देशक दिपकराज जोशी लगायत बरिष्ठ पदाधिकारीहरु उद्योगिहरु लगायतको उपस्थिति रहको थियो ।

सीएनआईको मुख्य विशेषताहरु

१. अनुकुल मौषम जाडो या गर्मि नहुने ।

२. प्रदर्शनि स्थल सबैलाई पायक पर्ने र शहरको मध्य भाग बिराटनगर २ स्थीत शकरपुर मार्गमा रहेको ।

३. सुरक्षीत र सुरक्षा निकायहरुको सजिलै पहुचमा रहेको ।

४. स्वदेशि उद्योग र उत्पादनलाई प्रोत्साहन गरिने ।

५. मुलुकका बिभिन्न स्थान तथा बिदेशमा उत्पादन हुने कृषि तथा औद्योगिक उत्पादनका साथै आधुनिक कृषि एवं औद्योगिक मेशिनरीहरुको प्रदर्शनी तथा बिक्री, कृषि उत्पादनका बस्तु सेवाको प्रबर्धन गर्ने र स्थानिय उत्पादनलाई बजार ब्यबस्थापन का लागी महत्वपुर्ण अवसरको रहने ।

६. हरेक दिन बिबिध मनोरन्जन र सांस्कृतीक कार्यक्रमहरु लाइभ कन्सर्ट तथा फनपार्क समेत समाबेश गरिने युवा र बाल बालीकाहरुको लागी आकर्षण तथा सकारात्मक उर्जाको बिकास हुने ।

७. अन्तराष्ट्रिय तथा रास्ट्रीय प्रदर्शनी स्टल रहने ।

८. अटोमोबाइल ,घरेलु उधोग , मोबाइल , इलेक्ट्रोनिक, पेन्ट्स , वेकरी , रोजगार डेस्कहरु, टक सो

तथा सेमिनार हरु, कृषि आधुनिकीकरण, गार्मेन्ट्स शिक्षा स्वास्थ्य सम्वन्धी प्रदर्शनी ।

९. ब्यापार प्रबर्धन संगै पर्यटन बिकाश र सम्भावना हरुको खोज ।

१०. ब्रान्डीङ्ग सहितका सेल्फि बुथ हरु रहने

*बेटा बेटीके बीचमे विभेद नय करू दोनोके स्कुल भेजु ।*

## के हो प्रमाणमा आधारित फिजियो थेरापी सेवा ?

विनय कँडेल

आजभोलि दिनैपिच्छे क्लिनिकमा वा व्यक्तिगतरूपमा भेट्ने बिरामीहरूलाई फिजियोथेरापी उपचारको लागि के गर्नुहुन्छ? भनि सोध्दा सुन्ने गरेको छु 'मेरो छोराले अमेरिकाबाट पठाईदिएको कम्मरको बेल्ट, छोरीले अष्ट्रेलियाबाट ल्याइदिएको घुँडाको पट्टी, मालिस गर्ने तेल, सेक्ने ब्याग, मालिस गर्ने भाइब्रेटर' आदि प्रयोग गर्दछु ।

यति महँगो/विदेशी समान प्रयोग गरेपछि त पक्कै ठिक हुन्छ। यदा कदा सुन्न पनि पाइन्छ। 'यहाँ जापानी/जर्मनी/अतिआधुनिक प्रविधिको मेसिनबाट थेरापी गरिन्छ'। 'नेपाल मै पहिलो पटक इ-सपिङ्ग ले ल्याएको छ म्याग्नेटिक नि वारमिङ्ग प्याड् ।'

यी बाहेक कुनै कम्पनीको प्रतिनिधि वा पेशाकर्मीले आफ्नो सामान/ पद्धतिको व्याख्यामा त्यसको प्रभावकारीताको बारेमा धेरै आधारहिन र अप्रमाणित तथ्य प्रस्तुत गरेर उपभोक्तासम्म प्रत्यक्ष वा अप्रत्यक्षरुपमा जोडिएका हुन्छन् ।

कुनै क्लिनिक वा हस्पिटलको बिज्ञापनमा टेलिभिजन वा रेडियोमा २-४ जना बिरामी हरूको अनुभव समेटेर अन्तर्वार्ता नै प्रस्तुत गरिएको पाइन्छ। त्यसमध्ये कति सत्य होलान् भनेर ठोकुवा गर्न सकिदैन। आधुनिक उपचारको नाममा गरिने यस्ता कामहरुले उपभोक्ताको आर्थिक नास, स्वास्थ्यमा हानि साथै पेशाकर्मिमा पेशाप्रतिको नैतिकता र इमान्दारितामा आँच पुऱ्याउँछ ।

यी समस्याहरु हल गर्न फिजियोथेरापिष्ट स्वयमले र केही हदसम्म बिरामीहरूले पनि प्रमाणमा आधारित फिजियोथेरापी अभ्यास बुझ्न जरुरी छ। प्रमाणमा आधारित अभ्यास अथवा इभिडेन्स बेस्ड प्रयाक्टिस चिकित्सा सेवा प्रवाह गर्ने आधुनिक र अपरिहार्य विधि हो ।

समयानुकूल नयाँ प्रबिधीको प्रयोग, शोधपत्रमा आधारित तथ्यहरु तथा उपभोक्ताको अपेक्षा र धारणामा आधारित भई उपचारको पद्धति अपनाउनुलाई प्रमाणमा आधारित अभ्यास भनिन्छ। यसमा उत्कृष्ट रिसर्चले स्थापना गरेको तथ्य, चिकित्सक को विशेषज्ञता र बिरामीको मुल्य मान्यता को आधारमा आवश्यक चिकित्सा प्रणाली अपनाइएको हुन्छ ।

यसको उपयोग गर्न चिकित्सकहरुमाँझ निकै चुनौतिपूर्ण रहेको पाइन्छ। नेपाली फिजिथेरसपिष्टहरूमध्ये गरिएको एक अध्ययनले आवश्यक अभिमुखीकरण कार्यक्रमको कमी, फिजियोथेरापी सेसनको सिमित समय र आवश्यक पुर्वाधारको कमीले इभिडेन्स बेस्ड प्रयाक्टिस वा प्रमाणमा आधारित फिजियोथेरापी अभ्यास सहजै प्रयोग गर्न नसकिएको जनाएको छ ।

इभिडेन्स बेस्ड प्रयाक्टिसका मुख्य तीन खम्बाहरू :

१. उत्कृष्ट रिसर्चमा आधारित तथ्यहरु

२. चिकित्सकको अनुभव/ विशेषज्ञता

३. सेवाग्राहीको अपेक्षा मुल्य/मान्यता

१. उत्कृष्ट रिसर्चमा आधारित तथ्यहरु भन्नाले वैज्ञानिक शोधकार्य वा रिसर्च ले तयार भएको नतिजा र यसको सारांशलाई जनाएको हो। शोधकार्य विभिन्न किसिमका हुन्छन्। शोधकार्यको किसिम यसको प्रश्नले निर्धारण गर्दछ। कुनै रोग सम्बन्धी व्याख्यात्मक प्रश्न जस्तैः कम्मरको दुखाई जनसङ्ख्या को कति प्रतिशत मा व्याप्त छ? ले व्याख्यात्मक शोध पत्र तयार हुन्छ ।

कुनै उपचार पद्धतिको प्रभावकारीतामाको जाँच गर्नेलाई इन्टरभेनसनल वा सामान्य रूपमा क्लिनिकल ट्रायल भनिन्छ। जस्तै कम्मरको दुखाई हुँदा लम्बार ट्राक्शन ( कम्मर तान्ने फिजियोथेरापी विधि) गर्दा दुखाईको मापनमा कति कमि आउँछ वा कार्य क्षमता कति प्रतिशत वा अङ्कले वढ्छ भन्ने शोध प्रश्न रहेको इन्टरभेनसनल रिसर्च हुन्छ ।

यस बाहेक माथि उल्लेखित रिसर्चहरुमध्ये एकै किसिमको रिसर्च हरुलाई व्यवस्थित रूपमा विभिन्न किसिमका एकिकृत निष्कर्ष निकाल्ने रिभ्यु शोधकार्य हुन्छ। यसरी रिभ्यु गरिएको, सम्भव भएसम्म सङ्ख्यात्मक विश्लेषण गरिएको रिसर्चलाई उत्कृष्ट मानिन्छ। विभिन्न उत्कृष्ट रिसर्चहरुलाई आधार मानेर क्लिनिकल प्राक्टिस गाइडलाइन वा अभ्यास निर्देशनलाई चिकित्सा साहित्यमध्ये सर्वोत्कृष्ट मानिन्छ ।

२. चिकित्सकको अनुभव/विशेषज्ञता पनि प्रमाणमा आधारित अभ्यासको महत्वपूर्ण स्तम्भ हो। सबै प्रश्नको उत्तर रिसर्चले पुष्टि गरेको हुदैन वा पुष्टि गर्न पर्याप्त मात्रामा रिसर्च भएको हुदैन। रिसर्च भएकोमध्ये पनि सबै ले अलग अलग परिणाम दिएको पाइन्छ। कतिपय अवस्थामा रिसर्चहरु आवश्यक विधिपुर्ण रुपमा नअपनाउने वा कुनै परिणाम पुष्टि गर्ने किसिमले तयार भएको हुन्छ। नयाँ र आधुनिक उपचार प्रणालीको पर्याप्त रिसर्च भइसकेको हुँदैन।

कुनै एक समुदाय वा भौगोलिक क्षेत्रमा गरिएको रिसर्चलाई दुरुस्त अर्को समुदाय वा क्षेत्रमा अभ्यास गर्नु अगाडि त्यहाँको सामाजिक, आर्थिक र सांस्कृतिक पक्ष अनुकूल परिमार्जन गर्न अत्यावश्यक हुन्छ ।

३. सेवाग्राहीको अपेक्षा मुल्यमान्यता अन्तर्गत विभिन्न पक्षलाई मध्यनजर गर्दै अभ्यास निर्धारण गर्नुपर्छ। मानौं कुनै फिजियोथेरापी उपचारात्मक पद्धतिको प्रभावकारीता हरेक दिन फलोअप गर्दा हुन्छ भनेर पुष्टि गरे पनि भौगोलिक अवस्था को कारण हाम्रो जस्तो देशमा हरेक दिन फिजियोथेरापी सेवा लिन असमर्थ हुने हुनाले घरमा गर्न सकिने उपचार जस्तै कसरत, तातो/चिसोले सेक्ने आदि पनि इभिडेन्स बेस्ड प्रयाक्टिश हो। काठमाडौं उपत्यकाको निमित्त प्रभावकारी रहेको कतिपय अभ्यास ताप्लेजुङमा प्रयोग गर्न विभिन्न पक्षलाई निर्क्यौल गर्नुपर्छ। यसमा बिरामीहरूको मुल्य मान्यता पनि उत्तिकै महत्वपूर्ण छ। जस्तै कम्मरको दुखाई कम गर्न फिजियोथेरापीको मेसिनबाट हुने फाइदाहरु रिसर्चले यथेष्ट मात्रामा पुष्टि नगरेको भए पनि बिरामीहरूको अनुभवलाई सम्मान गर्दै यसको प्रयोगमा निरन्तरता दिनु पनि इभिडेन्स बेस्ड प्रयाक्टिश हो ।

फिजियोथेरापिष्टले कसरी अभ्यास गर्ने ?

कुनैपनि क्लिनिकल प्रश्न आउने बित्तिकै यससँग सम्बन्धित रिसर्च साहित्यलाई नजिकबाट अध्ययन गर्ने बानी बसाल्नु पर्दछ। अध्ययन गरिएको रिसर्चमध्ये उत्कृष्ट रिसर्चले स्थापना गरेको तथ्य पत्ता लगाई यसको सारांशलाई अभ्यासमा जोड्दै जानुपर्छ ।

यसो गर्न सिमित समय हुने हुनाले समयको व्यवस्था गर्न निकै कठीन हुन्छ। यस अवस्थामा प्राक्टिस गाइडलाइन वा अभ्यास निर्देशनले दिएको परिणाम लाई आधार मानेर क्लिनिकल प्राक्टिस गर्दा समयको बचत हुन्छ । क्लिनिकल प्राक्टिस निर्देशनले निर्देश गरेको अभ्यास लाई हुबहु प्रयोग गर्नु भन्दा पनि अफ्नो बिरामीको मुल्यमान्यता, आफ्नो अनुभव र अन्य आधारहरूलाई पनि उत्तिकै ध्यान दिएर अभ्यास निर्धारण गर्नुपर्छ। यसलाई क्लिनिकल डिसिजन मेकिङ्ग पनि भनिन्छ। आफूले अपनाएको पद्धतिको प्रभावकारीता को मापन गर्न विभिन्न मापन यन्त्र वा आउटकम मेजरको प्रयोग गर्नु पर्छ।

यसको उदाहरण दुखाईको मात्रा मापन गर्न नेपाली न्युमेरिकल पेन रेटिङ स्केल हो। यस्ता मापन यन्त्र वा सुचक नेपालमा प्रयोग गर्न सम्भव भएसम्म नेपाली भाषामा अनुवाद गरेर सामाजिक, आर्थिक र सँस्कृतिकरूपमा सुहाउँदो हुनु पर्छ। हालसम्म नेपाली भाषामा एक दर्जन भन्दा बढी आउटकम मेजर अनुवाद गरि प्रयोग गर्न योग्य पुष्टि भइसकेको छ। यो अभ्यास लाई सार्थक तुल्याउन समय समयमा व्यवसायिक विकास तालीम, गोष्ठी र अन्तरक्रिया कार्यक्रममा भाग लिने पनि एक उत्तम उपाय हो ।

सेवाग्राहीले के जान्ने ?

फिजियोथेरापी अभ्यासको लागि प्रयोग गरिने विधि वा पद्धतिको मुल्य, ब्राण्ड र बिज्ञापन भन्दा पनि यसको प्रभावकारिताको पुष्टि भएको रिसर्चको आधारमा यसलाई उपभोग गर्ने । कुनै पनि फिजियोथेरापी उपचार गराउदा मुख्य दुई सुचक दुखाईको मात्रा र दैनिक कृयाकलाप गर्नसक्ने क्षमताको मापन यन्त्र प्रयोग गरेको छ वा छैन विचार गर्ने।आफ्नो चिकित्सकले सिप र दक्षता निखार्न समय समयमा निरन्तर व्यवसायीक तालिम लिएको छ/छैन हेक्का राख्ने। यसको कार्यान्वयन पक्ष,नियमन निकाय जस्तै फिजियोथेरापीको निमित्त नेपाल स्वास्थ्य व्यवसायी परिषद्ले गर्न जरुरी छ ।

-(लेखक वीर अस्पतालका फिजियोथेरापी युनिट प्रमुख हुन् ।)

हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लागि आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरूलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १



# २०७९ साल मंसिर ४ गते भएको निर्वाचनमा प्रतिनिधीसभा तर्फ जमानत जफत हुने मोरंग जिल्लाका उम्मेदवारहरु र तीनीहरुले पाएका मत संख्या

प्रदेश : १  जिल्ला : मोरंग,  प्रतिनिधीसभा निर्वाचन क्षेत्र : १,  कुल सदर मत : ७०,६७६

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | होमनाथ गौतम | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४६६७ | ६.६० |
| २. | लक्ष्मी प्रसाद कर्वा | नेपाल मजदुर किसान पार्टी | ४६ | ०.०६ |
| ३. | बुद्ध माया लिम्बु | राष्ट्रिय जनमुक्ति पार्टी | ६२ | ०.०८ |
| ४. | सुरज लिम्बु | मंगोल नेशनल अर्गनाइजेसन | २२१८ | ३.१३ |
| ५. | हर्कमान सम्वाहाम्फे | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ७११ | १.०० |
| ६. | मनिसा सुवेदी | स्वतन्त्र | २१ | ०.०२ |
| ७. | याम प्रसाद दाहाल | स्वतन्त्र | १९६ | ०.२७ |
| ८. | फूल कुमारी पंडित राई | स्वतन्त्र | ६ | ०.०० |
| ९. | निलु लिम्बु | स्वतन्त्र | २७ | ०.०३ |
| १०. | तिलक बहादुर मगर | स्वतन्त्र | २१ | ०.०२ |
| ११. | राजेन्द्र प्रसाद पौडेल | हाम्रो नेपाली पार्टी | ४७४ | ०.६७ |

प्रदेश : १  जिल्ला : मोरंग,  प्रतिनिधीसभा निर्वाचन क्षेत्र : २,  कुल सदर मत : ७५,६६६

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १ | गोपाल दाहाल | राष्ट्रिय प्रजातन्त्र पार्टी | २७४५ | ३.६२ |
| २. | सुरेश कर्वा | नेपाल मजदुर किसान पार्टी | ३८ | ०.०५ |
| ३. | नारायण बिशंखे | मंगोल नेशनल अर्गनाइजेसन | ४२४ | ०.५६ |
| ४. | खिल बहादुर खड्का | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | २१९ | ०.२८ |
| ५. | बिनोद मणि भट्टराई | हाम्रो नेपाली पार्टी | १४५७ | १.९२ |
| ६. | मिना कटुवाल बुढाथोकी | नेश्नलिष्ट पिपल्स पार्टी | २७ | ०.०३ |
| ७. | विशेश्वर ऋषिदेव | स्वतन्त्र | २०७ | ०.२७ |
| ८. | सुनिल कुमार शाह | स्वतन्त्र | २२ | ०.०२ |
| ९. | ठगेन्द्र प्रसाद न्यौपाने | राष्ट्रिय स्वतन्त्र पाटी | ४९८७ | ६.५९ |
| १०. | नारायण प्रसाद गंगाई | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल | ३३४ | ०.४४ |
| ११. | राजकुमार शिवाकोटी | स्वतन्त्र | ११८ | ०.१५ |

प्रदेश : १  जिल्ला : मोरंग,  प्रतिनिधीसभा निर्वाचन क्षेत्र : ३,  कुल सदर मत : ९२,२०२

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | उद्धिम बहादुर खड्का | नेकपा (मार्क्सवादी लेनिनवादी) | २३४ | ०.२५ |
| २. | नारायण शर्मा | नेश्नलिष्ट पिपल्स पार्टी | २१ | ०.०२ |
| ३. | विकेन्द्र राई | मंगोल नेशनल अर्गनाइजेसन | १५२० | १.६४ |
| ४. | चन्द्रीका देवी लिम्बु | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ४५३ | ०.४९ |
| ५. | खगेन्द्र प्रसाद नेउपाने | हाम्रो नेपाली पार्टी | ३२६ | ०.३५ |
| ६. | कमल लिम्बु | जनता समाजवादी पार्टी नेपाल | ३८ | ०.०४ |
| ७. | हिम प्रसाद मिश्र | स्वतन्त्र | ८ | ०.०० |
| ८. | कृष्ण राई | स्वतन्त्र | ११० | ०.११ |
| ९ | शिव कुमार पौडेल | स्वतन्त्र | २५ | ०.०२ |
| १०. | पंकज कुमार भगत | स्वतन्त्र | २ | ०.०० |
| ११. | अरविन साह | स्वतन्त्र | १० | ०.०१ |
| १२. | कमल राजवंशी | स्वतन्त्र | ८ | ०.०० |
| १३. | इन्द्रीरा थापा | स्वतन्त्र | ६१ | ०.०६ |
| १४. | इन्द्र प्रसाद सुवेदी | स्वतन्त्र | ६३ | ०.०६ |
| १५. | जयराज संयोग | स्वतन्त्र | ३८८ | ०.४२ |
| १६. | जीवनाथ निरौला | स्वतन्त्र | ४ | ०.०० |
| १७. | बाबुराम सुवेदी | स्वतन्त्र | ६ | ०.०० |
| १८. | रेवत कुमार बस्नेत | स्वतनत्र | ७ | ०.०० |
| १९ | दिनेश चापागाई | स्वतन्त्र | ३७ | ०.०४ |
| २०. | गणेश बहादुर पोखरेल | स्वतन्त्र | ७४ | ०.०८ |
| २१. | सुवास धिमाल | स्वतन्त्र | ३१ | ०.०२ |
| २२ | चन्द्रकला खत्री | स्वतन्त्र | १ | ०.०० |
| २३ | धर्म प्रसाद नेउपाने | स्वतन्त्र | ४ | ०.०० |
| २४ | प्रकाश भट्टराई | स्वतन्त्र | १ | ०.०० |
| २५. | सुरेश भण्डारी | स्वतन्त्र | १० | ०.०१ |
| २६. | विकास उप्रेती | राष्ट्रिय स्वतन्त्र पार्टी | ३१७२ | ३.४६ |
| २७. | भूवन राई | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | १८ | ०.०१ |

प्रदेश : १  जिल्ला : मोरंग,  प्रतिनिधीसभा निर्वाचन क्षेत्र : ४,  कुल सदर मत : ७०,२८३

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | श्याम बहादुर दर्जी | नेपाल मजदुर किसान पार्टी | ६३ | ०.०८ |
| २. | धन बहादुर लिम्बु | मंगोल नेशनल अर्गनाइजेसन | १३५ | ०.१९ |
| ३. | गुल्टेन रिषिदेव | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ५१ | ०.०७ |
| ४. | नविन कु. विश्वास खवास | हाम्रो नेपाली पार्टी | ८८५ | १.२५ |
| ५. | अशोक पौडेल | नेपाली काँग्रेस (विपी) | ६९ | ०.०९ |
| ६. | महेश नेपाल | स्वतन्त्र | २६५ | ०.३७ |
| ७. | लक्ष्मण साहु | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | १९८ | ०.२८ |
| ८. | देव नारायण विश्वास | स्वतन्त्र | २७८ | ०.३९ |
| ९. | कुवेत मिया | स्वतन्त्र | २७ | ०.०३ |
| १०. | ज्ञानेन्द्र खत्री | स्वतन्त्र | २२८ | ०.३२ |
| ११. | पदम कार्की | स्वतन्त्र | १८१ | ०.२५ |
| १२. | नेत्र प्रसाद सिवाकोटी | राष्ट्रिय स्वतन्त्र पार्टी | ५३३३ | ७.५८ |
| १३. | राजेन्द्र कुमार खवास | स्वतन्त्र | २७ | ०.०३ |

प्रदेश : १  जिल्ला : मोरंग,  प्रतिनिधीसभा निर्वाचन क्षेत्र : ५,  कुल सदर मत : ६७,३८०

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | रेवत वहादुर | राष्ट्रिय प्रजातन्त्र पार्टी | २४७९ | ३.६७ |
| २. | मंगल ऋषिदेव | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | १०३ | ०.१५ |
| ३. | फिरोज कुमार साह | हाम्रो नेपाली पार्टी | ७९४ | १.१७ |
| ४. | मोहम्मद रेजा हुँसैन | स्वतन्त्र | १९०० | २.८१ |
| ५. | संजु शर्मा बढई | स्वतन्त्र | ४५ | ०.०६ |
| ६. | रमेश कुमार यादव | स्वतन्त्र | ३१४ | ०.४६ |
| ७. | परमेश्वर मुर्मु | जनमत पार्टी | २३९५ | ३.५५ |
| ८. | गयानन्द मण्डल केवरत | स्वतन्त्र | ४६ | ०.०६ |
| ९. | विधा भूषण प्रसाद | स्वतन्त्र | ९६ | ०.१४ |
| १०. | राम प्रसाद मुखिया | स्वतन्त्र | ११२ | ०.१६ |
| ११. | प्रमोद कुमार मण्डल | राष्ट्रिय स्वतन्त्र पार्टी | २२८२ | ३.३८ |
| १२. | म्जबुल रहमान मियाँ | नेपाल लोकतान्त्रिक पार्टी | ८८ | ०.०४ |
| १३. | मनोज कुमार मण्डल | स्वतन्त्र | ३० | ०.०४ |

प्रदेश : १  जिल्ला : मोरंग,  प्रतिनिधीसभा निर्वाचन क्षेत्र : १,  कुल सदर मत : ८०४२६

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | चिरिञ्जीवी खतिवडा | नेपाल मजदुर किसान पार्टी | ३९ | ०.०४ |
| २. | नारायण पासवान | बहुजन शक्ति पार्टी | २८ | ०.०३ |
| ३. | मोहन वहादुर राई | मंगोल नेशनल अर्गनाइजेशन | ४२ | ०.०५ |
| ४. | दुखाराम माझी | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | १०९ | ०.१३ |
| ५. | टेक व. अधिकारी क्षेत्री | हाम्रो नेपाली पार्टी | ४३४ | ०.५३ |
| ६. | बलराम खवार | नागरिक उन्मुक्ति पार्टी | ५०८ | ०.६३ |
| ७. | शुशिल खड्का | स्वतन्त्र | ३६ | ०.०४ |
| ८. | सरोज नेपाल | स्वतन्त्र | ९०० | १.११ |
| ९. | बुद्धीराम माझी | जनमत पार्टी | १८४४ | २.२९ |
| १०. | प्रशान्त ठाकुर | जनता प्रगतीशील पार्टी, नपाल | ५९ | ०.०७ |
| ११. | लक्ष्मी थेवे | स्वतन्त्र | १९२ | ०.२३ |




# २०७९ साल मंसिर ४ गते भएको निर्वाचनमा प्रदेशसभा तर्फ जमानत जफत हुने मोरंग जिल्लाका उम्मेदवारहरु र तीनीहरुले पाएका मत संख्या

प्रदेश : १ जिल्ला : मोरंग, प्रतिनिधीसभा निर्वाचन क्षेत्र : १ प्रदेश निर्वाचन क्षेत्र : १
कुल सदर मत : ३६९२६

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | शिव कुमार राई | मंगोल नेशनल अर्गनाइजेसन | २२४२ | ६.०७ |
| २. | खड्ग ब्हादु थापा | स्वतन्त्र | ११४८ | ३.१० |
| ३. | अर्जुन सिंह लिम्बु | संघिय लोकतान्त्रिक राष्ट्रिय मंच | ८१७ | २.२१ |

प्रदेश : १ जिल्ला : मोरंग, प्रतिनिधीसभा निर्वाचन क्षेत्र : १ प्रदेश निर्वाचन क्षेत्र : २
कुल सदर मत : ३५२३१

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | संतोष कार्की | राष्ट्रिय प्रजातन्त्र पार्टी | २४८१ | ७.०४ |
| २. | टंक वहादुर गुरुग | राष्ट्रिय जनमुक्ति पार्टी | १५८ | ०.४४ |
| ३. | दीपक राई | स्वतन्त्र | १००९ | २.८६ |
| ४. | कृष्ण कुमार लिम्बु | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ११३२ | ३.२१ |
| ५. | ओमनाथ लिम्बु | मंगोल नेशनल अर्गनाइजेसन | २०४९ | ५.८१ |

प्रदेश : १ जिल्ला : मोरंग, प्रतिनिधीसभा निर्वाचन क्षेत्र : २ प्रदेश निर्वाचन क्षेत्र : १
कुल सदर मत : ३८१३३

| क्र.स | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | श्रीकान्त पौदार | राष्ट्रिय प्रजातन्त्र पार्टी | २३०४ | ६.०४ |
| २. | पदम वहादुर घिसिङ्ग | मंगोल नेशनल अर्गनाइजेसन | २६० | ०.६८ |
| ३. | बल बहादुर लिम्बु | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ३२० | ०.८३ |
| ४. | केशव पौडेल | हाम्रो नेपाली पार्टी | १३१० | ३.४३ |
| ५. | प्रेम नारायण थापा | जनता समाजवादी पार्टी, नेपाल | ८०६ | २.११ |
| ६. | साहजां प्रविण | स्वतन्त्र | ५३४ | १.४७ |
| ७. | फनिन्द्र थापा | स्वतन्त्र | ७८१ | २.०४ |
| ८. | सुरज कुमार गनगाई | स्वतन्त्र | १५२८ | ४.०० |
| ९ | महफुज आलम | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | २८५ | ०.७४ |
| १०. | शमसेर बहादुर कार्की | स्वतन्त्र | २६४ | ०.६९ |

प्रदेश : १ जिल्ला : मोरंग, प्रतिनिधीसभा निर्वाचन क्षेत्र : २ प्रदेश निर्वाचन क्षेत्र : २
कुल सदर मत : ३८५२८

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | राजेन्द्र अधिकारी | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३०९५ | ८.०३ |
| २. | रविन्द्र कुमार श्रेष्ठ | मंगोल नेशनल अर्गनाइजेसन | ५०४ | १.३० |
| ३. | सुदेशि ऋषिदेव | संघिय लोकतान्त्रिक राष्ट्रिय मंच | ३०६ | ०.७९ |
| ४. | माधव प्रसाद राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | ७८६ | २.०३ |
| ५. | राजेन्द्र शर्मा | स्वतन्त्र | ७८ | ०.२० |
| ६. | महमद कमलु मिया | नेपाल लोकतान्त्रिक पार्टी | ७७ | ०.१९ |
| ७. | प्रधान राजवंशी | जनमत पार्टी | ७६९ | १.९९ |
| ८. | विष्णु बहादुर थापा | स्वतन्त्र | २१२ | ०.५५ |

प्रदेश : १ जिल्ला : मोरंग, प्रतिनिधीसभा निर्वाचन क्षेत्र : ३ प्रदेश निर्वाचन क्षेत्र : १
कुल सदर मत : ४५५८७

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | रामचन्द्र गुरुग | मंगोल नेशनल अर्गनाइजेसन | १९२५ | ४.२२ |
| २. | रामभक्त वि. राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | ९७ | ०.२१ |
| ३. | धन बहादुर कार्की | स्वतन्त्र | ६०३ | १.३२ |
| ४. | दिनेश राई | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | १२०६ | २.६४ |

प्रदेश : १ जिल्ला : मोरंग, प्रतिनिधीसभा निर्वाचन क्षेत्र : ३ प्रदेश निर्वाचन क्षेत्र : २
कुल सदर मत : ३८५२८

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | चन्द्र कुमार सुब्बा | राष्ट्रिय जन्मुक्ति पार्टी | ४६२ | ०.९६ |
| २. | विश्ववन्धु थापा | मंगोल नेशनल अर्गनाइजेसन | १६९५ | ३.५४ |
| ३. | राम कुमार लिम्बु | संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ७३९ | १.५४ |
| ४. | पुष्प राज खनाल | हाम्रो नेपाली पार्टी | ९०७ | १.८९ |
| ५. | नीरबहादुर भुजेल | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | ७४ | ०.१५ |
| ६. | नीर कुमार बुढाथोकी | स्वतन्त्र | १६ | ०.०३ |
| ७. | गुरु प्रसाद बास्तोला | स्वतन्त्र | २१० | ०.४३ |
| ८. | यामकुमार श्रेष्ठ | स्वतन्त्र | ५४ | ०.११ |
| ९. | तेज प्रसाद राई | खम्बुवान राष्ट्रिय मोर्चा नेपाल | ३४४ | ०.७१ |
| १०. | ऐश्वर्य प्रसाद आचार्य | स्वतन्त्र | ४५२ | ०.९४ |

प्रदेश : १ जिल्ला : मोरंग, प्रतिनिधीसभा निर्वाचन क्षेत्र : ४ प्रदेश निर्वाचन क्षेत्र : १
कुल सदर मत : ३९८२४

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | आशनारायण माझी थारु | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३९३५ | ९.८८ |
| २. | विश्व राई | मंगोल नेशनल अर्गेनाइजेसन | २२१ | ०.५५ |
| ३. | हेमन्ती कुमारी सुतिहार | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | २१० | ०.५२ |
| ४. | प्रदुमन चौधरी | स्वतन्त्र | ११९१ | २.९९ |
| ५. | नन्द कुमार सरदार | ह्रम्रो नेपाली पार्टी | ३७४३ | ९.३९ |

प्रदेश : १ जिल्ला : मोरंग, प्रतिनिधीसभा निर्वाचन क्षेत्र : ४ प्रदेश निर्वाचन क्षेत्र : २
कुल सदर मत : ३१३७६

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | शुभराज राई | मंगोल नेशनल अर्गेनाइजेसन | ५५ | ०.१७ |
| २. | प्रवेश पाण्डे | हाम्रो नेपाली पार्टी | ७३५ | २.३४ |
| ३. | संजय कुमार सिंह राजपुत | जनता समाजवादी पार्टी, नेपाल | १४६० | ४.६५ |
| ४. | भीम वहादुर राजवंशी | स्वतन्त्र | ४२७ | १.३६ |
| ५. | नासिन खातुन | लोकतान्त्रिक समाजवादी पार्टी | १६० | ०.५० |
| ६. | पशुपति कुमार माझी | स्वतन्त्र | ४३४ | १.३८ |

प्रदेश : १ जिल्ला : मोरंग, प्रतिनिधीसभा निर्वाचन क्षेत्र : ५ प्रदेश निर्वाचन क्षेत्र : १
कुल सदर मत : ३८५२८

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | सोनल कुमारी गुप्ता साह | राष्ट्रिय प्रजातन्त्र पार्टी | १९२१ | ५.७७ |
| २. | ऋनिल कुमार झा | जनमत पार्टी | २८२७ | ८.५० |
| ३. | कलानन्द साह सुडी | स्वतन्त्र | २७९ | ०.८३ |

प्रदेश : १ जिल्ला : मोरंग, प्रतिनिधीसभा निर्वाचन क्षेत्र : ५ प्रदेश निर्वाचन क्षेत्र : २
कुल सदर मत : ३४९९७

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | राजेश कुमार वानिया | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३२४८ | ९.२८ |
| २. | धनेश्वर ऋषिदेव मुसहर | संघिय लोकतान्त्रिक मञ्च | २०० | ०.५७ |
| ३. | बसन्ती देवी यादव | ह्रम्रो नेपाली पार्टी | ९७१ | २.७७ |
| ४. | रामवत्ती साह | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | १११३ | ३.१८ |
| ५. | रामलाल सुतिहार | स्वतन्त्र | ११४ | ०.३२ |
| ६. | आनन्द लाल यादव | जनमत पार्टी | २०३४ | ५.८१ |
| ७. | नरेश कुमार लाभ | स्वतन्त्र | ३९० | १.११ |

प्रदेश : १ जिल्ला : मोरंग, प्रतिनिधीसभा निर्वाचन क्षेत्र : ६ प्रदेश निर्वाचन क्षेत्र : १
कुल सदर मत : ५२८०५

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | नरबहादुर लिम्बु | संघिय लोकतान्त्रिक मञ्च | ४६० | ०.८७ |
| २. | ईश्वर गुरुङ | हाम्रो नेपाली पार्टी | १०९४ | २.०७ |
| ३. | हरिनारायण तवदार | नेपाली काँग्रेस (वीपी) | ३४१ | ०.६४ |
| ४. | नवराज घिमिरे | स्वतन्त्र | २८८ | ०.५४ |
| ५. | सोनम सहनी | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | ८९ | ०.१६ |
| ६. | रुकमणी खवास चौधरी | स्वतन्त्र | ६४ | ०.१२ |
| ७. | पुण्य प्रसाद कोइराला | स्वतन्त्र | ७२ | ०.१३ |
| ८. | रामसागर चौधरी | नेपाल लोकतान्त्रिक पार्टी | ४११ | ०.७७ |
| ९. | अनंग चौधरी | नेपाल लोकतान्त्रिक पार्टी | ७७९ | १.४७ |
| १०. | नविन दहाल | स्वतन्त्र | २७६ | ०.५२ |

प्रदेश : १ जिल्ला : मोरंग, प्रतिनिधीसभा निर्वाचन क्षेत्र : ६ प्रदेश निर्वाचन क्षेत्र : २
कुल सदर मत : २८५३६

| क्र.स. | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त सदर मत, | प्राप्त मत प्रतिशतमा |
|---|---|---|---|---|
| १. | अमृत कुमार पासवान | बहुजन शक्ति पार्टी | ३७ | ०.१२ |
| २. | जनार्दनराम निरौला | नेपाली काँग्रेस (वीपी) | १८६ | ०.६५ |
| ३. | गोपाल प्रसाद रेग्मी | स्वतन्त्र | २११४ | ७.४० |
| ४. | रियाजुदिन मिया | समाजिक एकता पार्टी | ८२ | ०.२८ |
| ५. | तबरेज अक्तर आलम | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | ७८ | ०.२७ |
| ६. | राजेन्द्र प्रसाद गुप्ता | जनता समाजवादी पार्टी, नेपाल | ६४८ | २.२७ |
| ७. | पन्नालाल राजवंशी | नेपाल सदभावना पार्टी | ८३ | ०.२९ |
| ८. | रामअषिश महतो | जनमत पार्टी | १७४८ | ६.१२ |

